# सिक्किम शहरी गरीब आवास योजना



TARGET 11.1

SAFE AND AFFORDABLE HOUSING

TARGET 5 -A

EQUAL RIGHTS TO ECONOMIC RESOURCES, PROPERTY OWNERSHIP AND FINANCIAL SERVICES

TARGET 3

GOOD HEALTH AND WELL-BEING

## परिचालन दिशानिर्देश



सिक्किम सरकार

शहरी विकास विभाग

# सिक्किम शहरी गरीब आवास योजना

परिचालन दिशानिर्देश

मई, 2021

सिक्किम सरकार
शहरी विकास विभाग
एनएच-10, गान्तोक -737101, पूर्व सिक्किम

**सिक्किम**

**सरकारी** **राजपत्र**

असाधारण

प्राधिकारद्वारा प्रकाशित

गान्तोक | मङ्गलबार **22** जून, **2021** | सङ्ख्या : **135**

**शहरी विकास विभाग**

**सिक्किम सरकार**

सङ्ख्या **: 30** /युडीडी/**2021** मिति : **01/06/2021**

**अधिसूचना**

मन्त्री मण्डलद्वारा 18 मई, 2021 को दिन अनुमोदन गरिएअनुरूप, कार्यान्वयनका लागि 6 वटा अनुभाग र 10 वटा परिशिष्ट सामेल रहेको सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) योजनाको "परिचालन दिशानिर्देश" सिक्किम सरकार सहर्ष अधिसूचित गर्दछ।

(सरला राई, आइएएस)
सचिव
शहरी विकास विभाग
सिक्किम सरकार
मिसिल सङ्ख्या : जीओएस/युडी एवं एचडी//**9(102)12**-भाग **III**

**S.G.P.G. 135/Com.2/Gazette/100 Nos./Dt:22.06.2021**

# प्रस्तावना

सिक्किम शहरी गरीब आवास योजना प्रथम पूर्णरूपले राज्य प्रायोजित शहरी आवास योजना हो। यो योजना संयुक्त राष्ट्रद्वारा तय दीर्घगामी विकास लक्ष्य जस्तै – लक्ष्य 11 : शहरी गरीबहरूलाई सुपथ साथै सुरक्षित आवास प्रदान गरी दीर्घकालीन शहर तथा समुदाय; लक्ष्य 5 : परिवारका महिला मुखियाको नाममा घरको नाम दर्ता गरी लैङ्गिक समानता तथा लक्ष्य 3 : समुचित रूपमा तयार एकल आवास तथा सामूहिक आवास प्रदान गरी सुस्वास्थ्य एवं आरोग्यता प्रदान गर्नुसित आबद्ध रहनेछ।

योजना निम्नलिखितका लागि परिलक्षित रहनेछ :

I. सामूहिक रूपमा कच्चा घरमुक्त राज्यको लक्ष्य हासिल गर्न ग्रामीण इलाकाहरूमा कार्यान्वयन भइरहेको सिक्किम गरीब आवास योजनालाई प्रतिपूर्ति गर्नु।
II. शहरी गरीबहरूलाई शहरी क्षेत्रमा भूमिको स्वामित्त्व उपलब्ध गराउनु; एकल घरहरूको निर्माण गरी पर्याप्त आवाससम्म पहुँच सुगम बनाउनु।
III. पर्याप्त सामाजिक आवाससम्मको पहुँचका लागि आर्थिक रूपमा कमजोर तथा कम आमदानी भएका परिवार समूहको समावेश सुनिश्चित गर्नु।
IV. शहरी घरविहीन परिवारलाई मर्यादापूर्ण आवास सुनिश्चित गर्नु।

# संक्षिप्त पद्यांश

| | |
|---|---|
| बीपीएल | गरीबी रेखामुनि |
| सीओआइ | पहिचान प्रमाण पत्र |
| ईडब्लुएस | आर्थिक रूपमा कमजोर वर्ग |
| जीओआइ | भारत सरकार |
| जीओएअस | सिक्किम सरकार |
| आइएचसी | व्यक्तिगत आवास निर्माण |
| एलआइजी | कम आमदानी वर्ग |
| एमसी | नगरपालिका आयुक्त |
| एमईओ | नगरपालिका कार्यकारी अधिकारी |
| एमओएचयुए | आवास तथा शहरी मामिला मन्त्रालय |
| पीएमएवाई-यु | प्रधानमन्त्री आवास योजना – शहरी |
| आरसी | आवासीय प्रमाण पत्र |
| आरडब्लुए | आवासीय कल्याण सङ्घ |
| एसडीजी | दीर्घगामी विकास लक्ष्य |
| एसएफ | एकल फ्ल्याट |
| एसजीएवाई | सिक्किम गरीब आवास योजना |
| एसएचएफ | सामाजिक आवासीय फ्ल्याट |
| एसएचएच | घरविहीन परिवारलाई आश्रय |
| एसयुजीएवाई | सिक्किम शहरी गरीब आवास योजना |
| एसएससी | सिक्किम प्रजा प्रमाणपत्र |
| युडीडी | शहरी विकास विभाग |

# विषयसूची

1. अभिप्राय एवं अवधि ...... 1

2. कार्यक्षेत्र ...... 1

3. योग्यता ...... 1

4. लाभार्थीको चयन तथा अनुमोदन प्रक्रिया ...... 2

5. कार्यान्वयन विधि ...... 3

5.1. व्यक्तिगत आवास निर्माण (आइएचसी) ...... 4

5.2. सामाजिक आवासीय फ्ल्याट (एसएचएफ) ...... 4

5.3. एकल फ्ल्याट (एसएफ) ...... 5

5.4. घरविहीन परिवारका लागि आश्रय (एसएचएच) ...... 5

6. अन्य योजनाहरूसँग सम्मिलन ...... 6

परिशिष्ट -I

आवेदन प्रपत्र ...... 7

परिशिष्ट -II

नमूना हलफनामा ...... 11

परिशिष्ट -III

व्यक्तिगत आवास आबन्टनका लागि प्रस्ताव आदेश ...... 12

परिशिष्ट -IV

व्यक्तिगत आवासको आबन्टनका लागि आबन्टन आदेश ...... 14

परिशिष्ट -V

सामाजिक आवासीय फ्ल्याट आबन्टनको प्रस्ताव आदेश ...... 15

परिशिष्ट -VI

सामाजिक आवासीय फ्ल्याटको आबन्टन आदेश ...... 17

परिशिष्ट - VII

पट्टा करार ...... 18

परिशिष्ट -VIII

राज्य स्तरीय अनुमोदन एवं निगरानी समिति (एसएलएएमसी) ...... 23

परिशिष्ट -IX

नगरपालिका जाँच समिति (एमएससी) ...... 25

परिशिष्ट -X

जिल्ला स्तरीय निगरानी दल (डीएलएमटी) ...... 33

## 1. अभिप्राय एवं अवधि

1.1. यस आवास योजनालाई "सिक्किम शहरी गरीब आवास योजना" भनिनेछ।

1.2. शहरी विकास विभाग, सिक्किम सरकार यसको कार्यान्वयन अभिकर्ता रहनेछ।

1.3. योजनाको पहिलो चरण वर्ष 2021-25 को अवधिभित्र सबै योग्य परिवार/लाभार्थीलाई आवास प्रदान गर्न सिक्किमको भारतीय सङ्घमा विलयको महान 50 वर्ष पूरा हुँदाँसम्म वर्ष 2025 सम्म कार्यान्वित गरिनेछ।

1.4. सामूहिक रूपमा कच्चा घरमुक्त राज्यको लक्ष्य हासिल गर्न ग्रामीण इलाकाहरूमा परिचालन गरिएको सिक्किम गरीब आवास योजनालाई यसले प्रतिपूर्ति गर्नेछ।

1.5. शहरी इलाकामा शहरी गरीबहरूलाई भूमिको स्वामित्त्व प्रदान गर्न; एकल घरहरूको निर्माणद्वारा पर्याप्त आवाससम्म पहुँच सुगम बनाउन यो लक्षित छ।

1.6. पर्याप्त सामाजिक आवाससम्म आर्थिक रूपमा कमजोर र कम आमदानी समूहका परिवारको समावेश यसले सुनिश्चित गर्नेछ।

1.7. शहरी घरविहीन परिवारलाई मर्यादित आश्रय यसले सुनिश्चित गर्नेछ।

## 2. कार्यक्षेत्र

2.1. वर्ष 2011 को जनगणना अनुसार सबै वैधानिक नगरी तथा त्यसपश्चात् अधिसूचित शहरी इलाकाहरू।

2.2. यस योजना अन्तर्गत निर्मित/ अधिग्रहण गरिएको घर, परिवारको महिला मुखियाको नाममा वा पुरुष मुखिया अनि उनकी पत्नीसँग संयुक्त नाममा हुनुपर्नेछ तथा यदि परिवारमा वयस्क महिला मुखिया नभए मात्र परिवारको पुरुष मुखियाको नाममा हुनेछ। परिवारको महिला मुखियाको नाम सामेल गर्ने काम स्वामित्त्वको दस्तावेज/कागजपत्रको वैध पञ्जिकरणद्वारा सुनिश्चित गर्नुपर्नेछ।

## 3. योग्यता

3.1. लाभार्थी परिवारको अर्थ, पिता, माता तथा नाबलक छोरा-छोरी बुझिनेछ भने यसका साथै "सिक्किम घडेरी वितरण एवं भवन निर्माण (अधिनियमन एवं नियन्त्रण) ऐन, 1985 मा परिभाषित अभिभावकसँग संयुक्त रूपमा बस्ने हुर्केका छोरा-छोरी पनि यसमा सामेल रहनेछ।

3.2. लाभार्थी एसएससी/सीओआइ/आरसीधारी हुनुपर्नेछ।

3.3. भारतको कुनै पनि भागमा लाभार्थीको नाममा पक्का घर (बाह्रमासे आवासीय एकाइ) हुनु भएन।

3.4. लाभार्थीले, भारत सरकार/ सिक्किम सरकार अन्तर्गत कुनै पनि आवासीय योजनाको लाभ प्राप्त गरेको हुनुभएन।

3.5. लाभार्थीको वार्षिक आमदानी ` 6,00,000/- (6 लाख रुपियाँ) हुनुभएन। [पीएमएवाई-यु अन्तर्गत एलआइजीको माथिल्लो सीमाबाट अङ्गीकृत]

3.6. लाभार्थीको परिवारमा कुनै स्थायी सरकारी कर्मचारी हुनुभएन।

3.7. लाभार्थीले आवास योजना अन्तर्गत आफ्नो योग्यता घोषित गर्न लाइसेन्सधारी शपथ आयुक्तबाट स्वघोषणा हलफनामा बुझाउनुपर्नेछ। यदि हलफनामा गलत पाइए कानून अनुरूप दण्डीय प्रावधान आकर्षित गर्नका साथै आवास योजना अन्तर्गत त्यस्ता सबै लाभ रद्द गरिनेछ।

## 4. लाभार्थीको चयन तथा अनुमोदन प्रक्रिया

4.1. नगरपालिका स्तरीय जाँच समितिद्वारा सिफारिश गरिएको लाभार्थी सूची अनुपमोदन गर्न सरकारद्वारा निम्नलिखित सदस्यका साथ राज्य स्तरीय अनुमोदन एवं निगरानी समिति अधिसूचित गरिनेछ :

| | | | |
|---|---|---|---|
| 1. | प्रभारी मन्त्री,<br>शहरी विकास विभाग | - | **अध्यक्ष** |
| 2. | नगरपालिका वार्ड सामेल रहेको निर्वाचन क्षेत्रका<br>सम्बन्धित विधायक | - | **सदस्य** |
| 3. | सचिव,<br>शहरी विकास विभाग | - | **सदस्य सचिव** |

4.2. राज्य स्तरीय अनोमदन एवं निगरानी समितिको सन्दर्भ शर्त अधिसूचनामा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

4.3. यस आवास योजनाका लागि लाभार्थीहरूको चयन एवं जाँचका लागि सरकारद्वारा निम्नलिखित सदस्य सामेल रहेको नगरपालिका स्तरीय जाँच समिति अधिसूचित गर्नुपर्नेछ :

| | | | |
|---|---|---|---|
| 1. | मेयर/अध्यक्ष/सभापति | - | **अध्यक्ष** |
| 2. | उप-मेयर/ उप-अध्यक्ष/ उपसभापति | - | **उपाध्यक्ष** |
| 3. | सबै सम्बन्धित युएलबीका पार्षद् | - | **सदस्य** |
| 4. | शहर योजनाकार / सहायक शहर योजनाकार | - | **सदस्य** |

| | | | |
|---|---|---|---|
| 5. | प्रभागीय अभियन्ता/ सहायक अभियन्ता | - | **सदस्य** |
| 6. | नगरपालिका आयुक्त /<br>नगरपालिका कार्यकारी अधिकारी | - | **सदस्य सचिव** |

4.4. नगरपालिका स्तरीय समितिको सन्दर्भ शर्त अधिसूचनामा स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्नेछ।

4.5. नगरपालिका स्तरीय समितिको सदस्यका रूपमा, सदस्य सचिवले लाभार्थीको चयन प्रक्रियामा उपस्थिति आवश्यक ठहरिएका आफ्नो कार्यालयबाट कुनै पनि अधिकारीलाई सहयोजित गर्नसक्नेछन्।

4.6. चिन्हित गरिएका लाभार्थीहरूको अन्तिम सूची राज्य स्तरीय अनुमोदन एवं निगरानी समितिद्वारा अनुमोदनको निम्ति विशेष सचिव, युडीडी तथा संयुक्त सचिव (एस/डब्लु), युडीडीमार्फत् अग्रेसित गर्नुपर्नेछ।

4.7. काम निर्दिष्ट दिशानिर्देश अनुरूप कार्यान्वित भएको सुनिश्चित गर्नका साथै त्यसको निगरानीका लागि सरकारले निम्नलिखित सदस्य सामेल रहेको जिल्ला स्तरीय निगरानी समिति अधिसूचित गर्नुपर्नेछ :

| | | | |
|---|---|---|---|
| 1. | अतिरिक्त मुख्य अभियन्ता,<br>शहरी विकास विभाग | - | दल नायक |
| 2. | संयुक्त सचिव,<br>शहरी विकास विभाग | - | सदस्य |
| 3. | शहर योजनाकार,<br>शहरी विकास विभाग | - | सदस्य |

4.8. नगरपालिका स्तरीय समितिको सन्दर्भ शर्त अधिसूचनामा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

## 5. कार्यान्वयन विधि

आवास योजना चारवटा कार्यक्षेत्र अन्तर्गत कार्यान्वित गरिनेछ, जस्तै :

i. एकल आवास निर्माण (आइएचसी)

ii. सामाजिक आवास फ्ल्याट (एसएचएफ)

iii. एकल फ्ल्याट (एसएफ)

iv. घरविहीन परिवारलाई आश्रय (एसएचएच)

### 5.1. व्यक्तिगत आवास निर्माण (आइएचसी)

5.1.1. पारदर्शी ठेका आमन्त्रण प्रक्रियापछि चयनित ठेकादारमार्फत् चुनिएका लाभार्थीका लागि सरकारले बाह्रैमास बस्न सकिने घर निर्माण गरिदिनेछ।

5.1.2. लाभार्थीसँग घर निर्माणका लागि उपयुक्त सबै प्रकारको झमेलाबाट मुक्त निजी जमीन हुनुपर्नेछ।

5.1.3. जमीन वा घडेरीको खतियान/पर्चामा लाभार्थीको नाम प्राथमिक मालिक अथवा विद्यमान कानून अनुरूप लामो अवधिको पट्टा करारमा गौण मालिकको रूपमा दर्ता भएको हुनुपर्नेछ।

5.1.4. आवासको निर्माण राज्य सरकारद्वारा निर्दिष्ट मानक एवं अनुमोदित नक्सा अनुरूप कोभिड-19 पछिका मानकहरू सामेल गर्दै निर्माण गरिनेछ।

5.1.5. निर्माण पूरा गरिएको आवासीय घर लाभार्थीलाई हस्तान्तरण गर्ने समयमा पूर्व अनुमोदित घरको नक्सा पनि हस्तान्तरण गरिनेछ।

5.1.6. लाभार्थीले घरलाई भाडामा दिन वा तेस्रो पक्षलाई बेच्न सक्नेछैनन् र यो केवल कानूनी उत्तराधिकारीको नाममा नामसारी गर्नसकिनेछ।

5.1.7. निर्मित घरमा तला थप्ने वा तेर्सो बढाउने काम घरको संरचनागत अभिकल्प अनुरूप सरकारको पूर्व अनुमति लिएर मात्र गर्नुपर्नेछ।

### 5.2. सामाजिक आवासीय फ्ल्याट (एसएचएफ)

5.2.1. पारदर्शी ठेका आमन्त्रण प्रक्रियापछि चुनिएका ठेकादारमार्फत् सरकारी जमीनमा सरकारले सामूहिक आवासीय फ्ल्याटहरू निर्माण गर्नेछ।

5.2.2. एसएससी/सीओआइ/आरसीधारी हुनुका अतिरिक्त लाभार्थी त्यस्ता सामूहिक आवासीय अपार्टमेन्टहरू निर्माण गरिने नगरपालिका क्षेत्रका मतदाता पनि हुनुपर्नेछ।

5.2.3. त्यस्ता अपार्टमेन्ट सरकारद्वारा निर्दिष्ट मानक तथा अनुमोदित नक्सा अनुरूप कोभिड-19 पछिका अभिकल्प मानकहरू सामेल गर्दै निर्माण गरिनेछ।

5.2.4. सरकारको पूर्व अनुमतिबिना लाभार्थीले आवासीय फ्ल्याटमा कुनै प्रकारको परिवर्तन वा फेर-बदल गर्न पाउनेछैन।

5.2.5. फ्ल्याटहरू विद्यमान कानून अनुरूप तथा सरकारद्वारा निर्धारित त्यस्ता शुल्कमा लामो अवधिको पट्टा करारमा लाभार्थीहरूलाई प्रदान गरिनेछ।

5.2.6. लाभार्थीहरूले फ्ल्याट भाडामा दिन वा तेस्रो पक्षलाई बेच्न पाउनेछैन तर केवल कानूनी उत्तराधिकारीलाई प्रदान गर्नसक्नेछन्।

5.2.7. राज्य सरकारद्वारा तर्जुमा गरिएको नियमहरू अनुरूप त्यस्ता आवासीय परिसर समूहका लागि आवासीय कल्याण सङ्घ (आरडब्लुए) गठन गरिनेछ।

5.2.8. आवासीय परिसरमा बसाइँ सरेको एक (1) वर्षभित्र आरडब्लुएलाई सहकारी समितिको रूपमा सहकारी विभागमा पञ्जिकृत गरिनेछ।

5.2.9. वाणिज्यिक स्थल, बहुउद्देश्यीय प्रेक्षागृहबाट उठेको भाडा, वाहन बिसाउनीबाट उठाइने शुल्क तथा सामूहिक आवासीय परिसरबाट असुल गरिएका अन्य शुल्कहरू सिक्किम सरकारको शहरी विभागका सचिव तथा आवासीय कल्याण सङ्घका अध्यक्षको संयुक्त नाममा परिचालन गरिने खातामा जमा गरिनेछ। उक्त राजस्व सामूहिक आवासको मरम्मति तथा रखरखाउमाथि खर्च गरिनेछ।

## 5.3. एकल फ्ल्याट (एसएफ)

5.3.1. सरकारले पारदर्शी ठेका आमन्त्रण प्रक्रियाबाट चुनिएका ठेकादारको माध्यमद्वारा सरकारी घडेरीमा यस्ता एकल फ्ल्याट निर्माण गर्नेछ।

5.3.2. लाभार्थीसँग एसएससी/सीओआइ/आरसीका अतिरिक्त एकल आवासीय अपार्टमेन्ट निर्माण गरिने नगरपालिका इलाकाको मतदान पत्र पनि हुनुपर्नेछ।

5.3.3. यस्ता अपार्टमेन्ट सरकारद्वारा निर्दिष्ट मानक अनि अनुमोदित नक्सा अनुरूप कोभिड-19 पछिका अभिकल्प मानकहरू सामेल गर्दै निर्माण गरिनेछ।

5.3.4. सरकारको पूर्व अनुमतिबिना लाभार्थीहरूले यस्ता आवासीय फ्ल्याटमा कुनै प्रकारको फेरबदल वा परिवर्तन गर्न पाउनेछैन।

5.3.5. फ्ल्याटहरू विद्यमान कानून अनुरूप तथा सरकारद्वारा निर्धारित त्यस्ता शुल्कमा लामो अवधिको पट्टा करार वा पट्टामा लाभार्थीहरूलाई प्रदान गरिनेछ।

5.3.6. लाभार्थीहरूले फ्ल्याट भाडामा दिन वा तेस्रो पक्षलाई बेच्न पाउनेछैन तर केवल कानूनी उत्तराधिकारीलाई प्रदान गर्नसक्नेछन्।

## 5.4. घरविहीन परिवारका लागि आश्रय (एसएचएच)

5.4.1. सरकारले एकल भवनहरू निर्माण गर्नेछ, जुन घरविहीन परिवारका लागि आश्रयको रूपमा प्रयोग गरिने सामूहिक आवासीय परिसरको अंश हुन वा नहुन पनि सक्नेछ।

5.4.2. यहाँ कोही पनि एकल लाभार्थी हुनेछैनन् कारण यसले घरविहीन परिवारको श्रेणीमा पर्ने त्यस्ता व्यक्तिहरूका लागि शरण स्थलको रूपमा काम गर्नेछ।

5.4.3. यस्ता आश्रय स्थल महिला अनि पुरुष सदस्यहरूलाई शरण दिने हिसाबले भोजनको सुविधा लगायत राज्य सरकार/ केन्द्र सरकारद्वारा निर्दिष्ट त्यस्ता अन्य सुविधाका साथ तयार गरिनेछ।

5.4.4. यस्ता सुविधाहरूको परिचालनका लागि सरकारले सरकारी सहायता प्राप्त अभिकर्ता/ यस्ता कामहरूमा पहिलेदेखि नै सक्रिय पञ्जिकृत एनजीओहरूको सहयोग लिनसक्नेछ।

## 6. अन्य योजनाहरूसँग सम्मिलन

**6.1.** आवासबाहेक अन्य परिप्रेक्ष्यमा लाभार्थीलाई फाइदा पुऱ्याउनका लागि, कार्यान्वयन अभिकर्ताले राज्य/ केन्द्र सरकारको अन्य सामाजिक योजनासँग आवासीय योजनाको सम्मिलनको सम्भावना खोज्नसक्नेछ।

परिशिष्ट -I

## आवेदन प्रपत्र

सिक्किम शहरी गरीब आवास योजना

शहरी विकास विभाग
सिक्किम सरकार

आवेदन प्रपत्र सङ्ख्या : मिति :

1. आवेदकको नाम

2. लिङ्ग [पुरुष - 01, महिला - 02, अन्य - 03]

3. पिताको नाम

4. वैवाहिक स्थिति

4. पति/ पत्नीको नाम

5. आवेदकको उमेर

6. मोबाइल नम्बर

7. वर्तमान ठेगाना

   i. घर/ फ्ल्याट/ / दैलोको सङ्ख्या

   ii. सडकको नाम

   iii. शहर / नगरको नाम

iv. जिल्ला, राज्य

8. स्थायी ठेगाना

i. घर/ फ्ल्याट/ / दैलोको सङ्ख्या

ii. सडकको नाम

iii. शहर / नगरको नाम

iv. जिल्ला, राज्य

9. विद्यमान घरको स्वामित्त्वबारे विवरण
[आफ्नै - 01, भाडामा - 02, अन्य - 03]

10. सिक्किम प्रजा प्रमाणपत्र/ पहिचान प्रमाण पत्र/ आवासीय प्रमाण पत्र सङ्ख्या

11. मतदाता पहिचान पत्र सङ्ख्या

12. आधार कार्ड सङ्ख्या

13. के व्यक्ति दिव्याङ्ग/अपाङ्ग हुन् (हो/होइन)

14. नाम तथा परिवारका सदस्यहरूका आयु

| नाम | आवेदकसँगको सम्बन्ध | लिङ्ग | आयु | आधार / मतदाता पहिचानपत्र/ सिक्किम प्रजा प्रमाणपत्रधारी/ पहिचान प्रमाणपत्र/ आवासीय प्रमाणपत्र सङ्ख्या |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

15. धर्म :

16. वर्ग:
[एससी-01, एसटी-02, बीएल-03, ओबीसी राज्य-03,
ओबीसी केन्द्रिय -04, अन्य (उल्लेख गर्नुहोस्) 05]

17. ब्याङ्कको विवरण

क. ब्याङ्कको नाम र शाखा

ख. ब्याङ्क खाता सङ्ख्या

ग. आइएफएससी कोड

18. के परिवारको भारतको कुनै पनि ठाउँमा कुनै घर/आवासीय भूमि छ (छ/छैन)

क. यदि छ भने स्थानको विवरण दिनुहोस्
(इलाका/शहर/राज्य)

ख. यदि छ भने, क्षेत्रफल वर्गमिटरमा उल्लेख गर्नुहोस्

19. रोजगारको स्थिति
[स्वरोजगार– 01, वेतनभोगी– 02, स्थायी ज्यालाधारी – 03,
श्रमिक – 04, अन्य – 05]

20. परिवारको मासिक आमदानी (रुपियाँमा)

21. परिवारलाई आवश्यक आवास
i. एकल घर
ii. फ्ल्याट

22. यदि एकल आवासीय घर भए, जमीनको विवरण उल्लेख गर्नुहोस् [घडेरीको इलाका, आकार, स्वामित्त्वको विवरण आदि]

| |
|---|
| |

| |
|---|
| आवेदकको तस्वीर |

आवेदकको हस्ताक्षर/ बूढी औंलाको छाप/ल्याप्चे

**परिशिष्ट -II**

## नमूना हलफनामा




**गैर - न्यायिक**

**क्र.स**

**सिक्किमका प्रबुद्ध शपथ आयुक्तसमक्ष, गान्तोकमा**

**हलफनामा**

म, ………………………………., उमेर …………. वर्ष, …………………….. की छोरी/छोरा/पत्नी तथा ………………... निवासी सत्यनिष्ठाका साथ प्रतिज्ञा गर्दै निम्नलिखित घोषणा गर्दछु कि :

1. म/ मेरो परिवारले भारत सरकार/ सिक्किम सरक्रद्वारा कार्यान्वित वा कार्यान्वयन गरिरहेका कुनै पनि आवासीय योजनाको लाभ प्राप्त गरेको छैन।
2. म/ मेरो परिवारलाई आजको मितिसम्म कुनै सरकारी घडेरी आबन्टित गरिएको छैन।
3. मेरो परिवारको वार्षिक आमदानी `6,00,000/- (6 लाख रुपियाँ) भन्दा धेरै छैन।
4. म/ मेरो परिवारसँग भारतको कुनै पनि भागमा पक्का घर (बाह्रैमास बस्नसकिने घर) छैन।
5. उक्त जमीनको जुन कुनै पनि सन्दर्भमा कुनै पनि न्यायालय, मञ्च वा प्राधिकरणमा कुनै कानूनी विवाद थाँतीमा छैन।

साक्षी

प्रमाणिकरण

म, माथि उल्लेखित साक्षी परिच्छेद 1 देखि 5 सम्म वर्णित तथ्य मेरो ज्ञान विवेकअनुसार सत्य रहेको तथा यसमा कुनै पनि कुरा गलत नरहेको प्रमाणित गर्दछु। ………..………………………, 20…… मा शपथ ग्रहण।

साक्षी

द्वारा पहिचान :

**परिशिष्ट -III**

## व्यक्तिगत आवास आबन्टनका लागि प्रस्ताव आदेश

**सिक्किम शहरी गरीब आवास योजना**

**शहरी विकास विभाग**

**सिक्किम सरकार**

**सन्दर्भ सङ्ख्या :** **मिति :**

सेवामा,

| | |
|---|---|
| लाभार्थीको नाम | : |
| माता/पिता | : |
| एसएससी/सीओआइ/आरसी सङ्ख्या | : |
| आधार सङ्ख्या. | : |
| निर्वाचन क्षेत्र | : |
| वार्ड | : |
| युएलबी | : |

**विषय : सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत व्यक्तिगत आवास आबन्टनको प्रस्ताव**

निम्नलिखित नियम एवं शर्तअनुरूप, तपाईंलाई सिक्किम शहरी गरीब आवास योजना अन्तर्गत व्यक्तिगत आवासीय घर आबन्टित गर्न प्रस्तावित गरिएको छ :

1. भारतको कुनै पनि भागमा तपाईंको नाममा कुनै पक्का घर (बाह्रैमास बस्न सकिने) छैन।
2. तपाईं एसएससी/सीओआइ/आरसीधारी हुनुपर्नेछ।
3. घर निर्माणका लागि सबै प्रकारको झमेलाबाट मुक्त तपाईंको निजी जमीन हुनुपर्नेछ।
4. तपाईंले भारत सरकार/ सिक्किम सरकारद्वारा कार्यान्वित वा कार्यान्वयन गरिने कुनै पनि आवासीय योजनाको लाभ प्राप्त गरेको छैन।
5. सरकारको घडेरी आबन्टन योजना अन्तर्गत तपाईंले कुनै जमीन प्राप्त गर्नुभएको छैन।
6. तपाईंको परिवारको वार्षिक आमदानी ` 6,00,000/- (6 लाख रुपियाँ) भन्दा धेरै छैन।

7. तपाईंको परिवारमा कोही पनि स्थायी सरकारी कर्मचारी हुनु भएन।
8. तपाईं अनि तपाईंको परिवारले तपाईंको जमीनमा घर निर्माण गर्न र परियोजना कार्यान्वयनका लागि सबै प्रकारको सहयोग र सहायता प्रदान गर्नुपर्नेछ।
9. एकपटक घर हस्तान्तरण गरिएपछि, तपाईंले घर भाडामा लगाउन वा तेस्रो पक्षलाई बेच्न पाउनु हुनेछैन, तर आफ्नो कानूनी उत्तराधिकारीलाई भने नामसारी गर्नसक्नु हुनेछ।
10. सिक्किम शहरी गरीब आवास योजनाको दिशानिर्देश उल्लङ्घन गरे, उक्त लाभ तपाईंबाट खोसिनेछ।
11. स्थापित गरिएको सूचनापट हटाउन वा खराब गर्न पाउनेछैन।
12. आवासीय योजना अन्तर्गत लाभ पाउन योग्य रहेको घोषणासहित लाइसेन्सधारी शपथ आयुक्तबाट स्वोघोषित हलफनामा तपाईंले बुझाउनु पर्नेछ। यदि हलफनामामा गरिएको घोषणा गलत पाइए कानून अनुरूप दण्डीय प्रावधान आकर्षित गर्नका साथै आवास योजना अन्तर्गत त्यस्ता सबै लाभ रद्द गरिनेछ।

तपाईंले आवश्यक दस्तावेज बुझाउनका साथै माथि उल्लेखित शर्त अनि नियम स्वीकार गरेपछि तपाईंको पक्षमा औपचारिक आबन्टन आदेश जारी गरिनेछ, जुन यदि पूरा गर्नसकेको खण्डमा यो आबन्टन कुनै सूचनाबिना स्वतः रद्द हुनेछ।

सचिव
शहरी विकास विभाग
सिक्किम सरकार

**परिशिष्ट -IV**

## व्यक्तिगत आवासको आबन्टनका लागि आबन्टन आदेश

**सिक्किम शहरी गरीब आवास योजना**

**शहरी विकास विभाग**
**सिक्किम सरकार**

**ज्ञापन सङ्ख्या :** **मिति :**

सेवामा,

लाभार्थीको नाम :
माता-पिता :
एसएससी/सीओआइ/आरसी :
आधार सङ्ख्या :
निर्वाचन क्षेत्र :
वार्ड :
युएलबी :

**विषय : सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत व्यक्तिगत आवासीय घरको आबन्टन**

विभागको आबन्टन पत्रमा उल्लेखित नियम एवं शर्त स्वीकार गर्दै बुझाइएको तपाईंको आवेदन सङ्ख्या............. मिति .............. को सन्दर्भमा ................. ठाउँमा ................... नाप रहेको आवासीय घर तपाईंलाई निम्नलिखित नियम एवं शर्त बमोजिम प्रदान गरिन्छ :

1. तपाई तथा तपाईंको परिवारले तपाईंको जमीनमा परियोजना कार्यान्वयन तथा घर निर्माणका लागि सबै आवश्यक सहयोग एवं सहायता प्रदान गर्नुपर्नेछ।
2. एकपटक घर हस्तान्तरण गरिएपछि, त्यसलाई भाडामा लगाउन वा तेस्रो पक्षलाई बेच्न पाइनेछैन र केवल आफ्नो कानूनी उत्तराधिकारीको नाममा नामसारी गर्नसकिनेछ।
3. सिक्किम शहरी गरीब आवास योजनाको दिशानिर्देश उल्लङ्घन गरे, उक्त लाभ तपाईंबाट खोसिनेछ।
4. स्थापित गरिएको सूचनापट हटाउन वा बिगार्न पाउनेछैन।
5. निर्माण पूरा गरिएको घर हस्तान्तरण गर्दा तपाईंलाई पूर्व अनुमोदित घरको नक्सा पनि हस्तान्तरण गरिनेछ।
6. घरको तला थप्ने वा तेर्सो कमरा थप्ने/बढाउने काम सरकारको पूर्व अनुमति लिएपछि संरचनागत अभिकल्प अनुरूप गर्नुपर्नेछ।

सचिव
शहरी विकास विभाग
सिक्किम सरकार

**परिशिष्ट -V**

## सामाजिक आवासीय फ्ल्याट आबन्टनको प्रस्ताव आदेश

**शहरी गरीब आवास योजना**

**शहरी विकास विभाग**

**सिक्किम सरकार**

**सन्दर्भ सङ्ख्या :** **मिति :**

सेवामा,

लाभार्थीको नाम :
माता-पिता :
एसएससी/सीओआइ/आरसी सङ्ख्या :
आधार सङ्ख्या :
निर्वाचन क्षेत्र :
वार्ड :
युएलबी :

**विषय : सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत सामाजिक आवासीय फ्ल्याट आबन्टनको प्रस्ताव**

सिक्किम शहरी गरीब आवास योजना अन्तर्गत निम्नलिखित नियम एवं शर्त अनुरूप तपाईंलाई ..................... .................. मा फ्ल्याट आबन्टित गर्न प्रस्तावित गरिएको छ :

1. भारतको कुनै पनि भागमा तपाईंको नाममा पक्का घर (बाह्रैमास बस्न सकिने) छैन।
2. तपाईं एसएससी/सीओआइ/आरसीधारी हुनुपर्नेछ।
3. तपाईंसँग निजी जमीन/ सरकारद्वारा आबन्टित जमीन छैन।
4. तपाईंले भारत सरकार/ सिक्किम सरकारद्वारा कार्यान्वित वा कार्यान्वयन गरिने अन्य आवासीय योजनाको कुनै लाभ प्राप्त गरेको हुनुभएन।

5. तपाईंको वार्षिक आमदानी ` 6,00,000/- (6 लाख रुपियाँ) भन्दा बढी छैन।

6. तपाईंको परिवारमा कोही पनि स्थायी सरकारी कर्मचारी हुनु भएन।

7. घर हस्तान्तरण गरिएपछि, तपाईंले त्यसलाई भाडामा लगाउन वा तेस्रो पक्षलाई बेच्न पाउनुहुने छैन, तर कानूनी उत्तराधिकारीको नाममा नामसारी भने सक्नुहुनेछ।

8. तपाई ंतथा तपाईंको परिवारले अपार्टमेन्टको नियम तथा अधिनियमको पालन गर्नुपर्नेछ।

9. सिक्किम शहरी गरीब आवास योजनाको दिशानिर्देश उल्लङ्घन गरे, तपाईंबाट उक्त लाभ खोसिनेछ।

10. स्थापित गरिएको सूचनापट हटाउन वा बिगार्न पाउनेछैन।

11. आवासीय योजना अन्तर्गत लाभ पाउन योग्य रहेको घोषणासहित लाइसेन्सधारी शपथ आयुक्तबाट स्वोघोषित हलफनामा तपाईंले बुझाउनु पर्नेछ। यदि हलफनामामा गरिएको घोषणा गलत पाइए कानून अनुरूप दण्डीय प्रावधान आकर्षित गर्नका साथै आवास योजना अन्तर्गत त्यस्ता सबै लाभ रद्द गरिनेछ।

तपाईंले आवश्यक दस्तावेजहरू बुझाउनका साथै माथि उल्लेखित नियम एवं शर्तहरू स्वीकार गरेपछि तपाईंको पक्षमा औपचारिक आबन्टन आदेश जारी गरिनेछ, जुन बुझाउन वा स्वीकार गर्न विफल बने यो आबन्टन तपाईंलाई कुनै सूचना नदिई स्वतः रद्द हुनेछ।

सचिव
शहरी विकास विभाग
सिक्किम सरकार

**परिशिष्ट -VI**

## सामाजिक आवासीय फ्ल्याटको आबन्टन आदेश

**सिक्किम शहरी गरीब आवास योजना**

**शहरी विकास विभाग**
**सिक्किम सरकार**

**ज्ञापन सङ्ख्या :** **मिति :**

सेवामा,

लाभार्थीको नाम :
माता-पिता :
एसएससी/सीओआइ/आरसी सङ्ख्या :
आधार सङ्ख्या :
निर्वाचन क्षेत्र :
वार्ड :
युएलबी :

**विषय : सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत सामाजिक आवासीय फ्ल्याटको आबन्टन**

विभागद्वारा आबन्टनका लागि नियम एवं शर्त सामेल रहेको प्रस्ताव पत्र सङ्ख्या ................. मिति ......... स्वीकार गर्दै बुझाइएको आवेदन सङ्ख्या............. मिति............ अनुरूप ............... सङ्ख्या रहेको ............ क्षेत्रफलको फ्ल्याट तपाईंलाई तल उल्लेखित नियम एवं शर्त अनुरूप ............... ठाउँमा प्रदान गरिन्छ :

1. तपाईंले विभागसँग पट्टा करार गर्नुपर्नेछ।
2. तपाईंलाई घर पट्टामा प्रदान गरिएको हुँदा, तपाईंले यो आदेश जारी गरिएको मितिदेखि तीन महिनाभित्र हस्तान्तरणका नियम एवं शर्त सामेल रहेको पट्टामा स्वीकृतिको हस्ताक्षर गर्नुपर्नेछ, जुन गर्न यदि विफल बने आबन्टन रद्द हुनेछ।
3. पट्टा पञ्जिकृत गर्नुपर्नेछ र तपाईंले पञ्जिकरणको निम्ति लाग्ने सबै खर्चका साथमा विभागद्वारा प्रदान गरिएको प्रपत्रको लागत बेहोर्नुपर्नेछ।
4. पट्टामा निर्धारित वार्षिक किस्तीको रकम तपाईंले भुक्तान गर्नुपर्नेछ। वार्षिक किस्ती प्रत्येक .......... वर्षमा 50% को दरले बढाइनेछ।
5. यो पट्टा प्रत्येक ......... वर्षमा नविकरण गर्नुपर्नेछ।

सचिव
शहरी विकास विभाग
सिक्किम सरकार

**परिशिष्ट** - VII

# पट्टा करार

**सिक्किम शहरी गरीब आवास योजना**

**शहरी विकास विभाग**

**सिक्किम सरकार**

**ज्ञापन सङ्ख्या :** **मिति :**

| आवेदकको<br>ताजा<br>तस्वीर |
|---|

यो करारनामा सिक्किमका राज्यपालद्वारा, शहरी विकास विभाग, सिक्किम सरकारका सचिव (जसलाई यसउपरान्त पट्टादाता भनिनेछ) मार्फत् प्रथम पक्षका रूपमा

तथा

श्रीमती/सुश्री/श्री ............................................................उमेर करिब ..................... वर्ष, ............................................................................ का पुत्र/पुत्री/पत्नी र ............ ........................ निवासी, जिल्ला .......................... (जसलाई यस उपरान्त पट्टाधारी भनिनेछ) बीच दोस्रो पक्षका रूपमा गरिएको हो।

पट्टादाता तथा पट्टाधारीलाई यस उपरान्तर सामूहिक रूपमा "पक्ष"का रूपमा उल्लेख गरिनेछ

जहाँ पट्टादाताले ........................ मा आवासीय एकाइ निर्माण गरेको छ र पट्टाधारीद्वारा बुझाइएको आवेदन अनुरूप, पट्टादाताले उक्त अनुसूचित परिसम्पत्तिको यस करारनामामा उल्लेखित नियम एवं शर्त अनुरूप पट्टाधारीलाई पट्टाको अधिकार प्रदान गर्दछ।

जहाँ,

पट्टादाताले सिक्किम शहरी गरीब आवास योजना अन्तर्गत पट्टाधारीलाई आदेश सङ्ख्या .................. मिति ............... अनुरूप आवासीय प्रयोजनका लागि ........................................... मा आवासीय एकाइ आबन्टित गरेको छ।

**अब साक्षीको उपस्थितिमा दुई पक्षबीच निम्नलिखितका सम्बन्धमा सहमति बनेको छ कि:**

1. पट्टाधारीद्वारा पट्टादातालाई कूल `. ……………………….. (रुपियाँ ………………………………………….) को किस्ती भुक्तान गरिएको हुँदा (जसको प्राप्ति स्वीकार गरिएको छ), तथा यसपछिका भाडा सुरक्षित गर्दै पट्टाधारीको पक्षमा सबै अनुबन्ध यहाँ सामेल गरिएपछि, पट्टादाताले यहाँ ........... महिनाको .......... मितिदेखि प्रभावी हुने गरी (आबन्टनको मिति) ....................... वर्गफीट क्षेत्रफल रहेको आवासीय एकाइ पट्टाधारीलाई हस्तान्तरण गर्दछ।

2. माथि उल्लेखित शर्तलाई ध्यानमा राख्दै तथा निर्धारित गरिएको भाडा/ किरायाका साथमा पट्टाधारीले शर्त र अनुबन्ध अनुरूप भुक्तान गर्नुपर्ने किस्तीमाथि विचार गरेपछि, हस्तान्तरित सम्पत्तिको उपभोगको अधिकारका साथ प्रथम पक्षले दोस्रो पक्षलाई हस्तान्तरण गर्दछ।

3. पट्टा प्रदान गरिएको सम्पत्ति पट्टाधारीलाई .............. वर्षदेखि शुरु हुँदै ............ वर्षसम्म ............ अवधिका लागि मियाद नविकरण गर्नसकिने व्यवस्थाका साथ आधिपत्य/ कब्जा प्रदान गरिएको छ।

4. पट्टायुक्त सम्पत्तिको कब्जा पट्टाधारीलाई .......... वर्षदेखि शुरु हुँदै ............. वर्षसम्म .............. अवधिका लागि हस्तान्तरण गरिएको छ, तथा प्रत्येक नविकरणको समय भाडा/ किराया वृद्धि गरी ............. बनाइएको छ, जुन भाडा वृद्धि/ संशोधन गरिएलगत्तै भुक्तान गर्नुपर्नेछ, जुन पट्टाधारीले (पट्टामा दिइएको परिसरका लागि) उक्त अवधिका लागि मासिक भाडा/किराया स्वरूप ............ (रुपियाँ .................) मात्र प्रत्येक महिनाको 10 तारिखभित्र भुक्तान गर्नुपर्नेछ। पट्टाधारीले प्रत्येक अङ्ग्रेजी महिनाको 10 तारिखभित्र मासिक किराया/ भाडा भुक्तान गर्नुपर्नेछ, जुन यदि लगातार चार महिनासम्म भुक्तान गर्न विफल बने त्यस परिसरबाट उच्छेद गरिनेछ/ हटाइनेछ। भाडा वा किरायाको भुक्तानी स्टेट ब्याङ्क अव् सिक्किममार्फत् .......................... ...... शीर्ष अन्तर्गत गर्नुपर्नेछ तथा ब्याङ्कको रसिद ..................... को कार्यालय, शहरी विकास एवं आवास विभाग, सिक्किम सरकार समक्ष बुझाउनुपर्नेछ।

5. पट्टाधारीले कुनै पनि परिस्थितिमा सो परिसर भाडामा लगाउने वा पट्टामा दिन पाउनेछैन। यदि कुनै पनि समय पट्टाधारीले उक्त सम्पत्ति भाडामा दिइएको पाइए वा अथवा अबन्टन गरिएको उद्देश्यका अतिरिक्त अन्य प्रयोजनका लागि प्रयोग गरिरहेको पाइए, त्यस स्थितिमा पट्टाधारीलाई त्यस सम्पत्तिबाट उच्छेद गर्नसकिनेछ तथा पट्टादाता र पट्टाधारीबीच गरिएको करार सम्झौतामा उल्लेखित मियाद पूरा नभई अन्त्य वा निरस्त गरिनेछ।

**अनुबन्ध अन्तर्गत यसका साथै दुई पक्षबीच,** पट्टाधारीले कुनै पनि व्यक्ति वा वित्तीय संस्थान वा अन्यथा, कुनै पनि परिस्थितिमा पट्टा अन्तर्गत प्रदान गरिएको सम्पत्ति भाडामा दिने, प्रयोग गर्न दिने तथा/ वा अन्यथा पट्टाको अधिकार प्रदान गरिएको सम्पत्तिको

कुनै भाग वा भागहरूको अधिकार कसैलाई हस्तान्तरण गर्न पाउनेछैन र यदि यस्तो गरेको खण्डमा पट्टाधारीलाई हस्तान्तरण गरिएको परिसर कुनै आपत्तिबिना शान्तिपूर्वक खाली गर्दै पट्टादातालाई सुपूर्द गर्नुपर्नेछ र यसका साथमा उनको त्यस कार्यको परिणामस्वरूप कुनै व्यक्ति, ब्याङ्किङ संस्थान, करपोरेट निकाय वा पट्टादातालाई पुग्न गएको कुनै क्षतिको निम्ति क्षतिपूर्ति प्रदान गर्न पूर्णरूपले जिम्मेवार रहनेछन्।

6. पट्टाधारीले पट्टादातासँगको अनुबन्ध अनुरूप, पट्टा प्रदान गरिएको अवधिभरी उक्त सम्पत्तिबाट देय बन्ने स्वच्छता, विद्युत, पानी आदिको प्रभार वा शुल्क तल सूचीमा उल्लेखित सिक्किम सरकारको सम्बन्धित विभाग तथा अन्य प्राधिकरणलाई भुक्तान गर्नुपर्नेछ।

7. पट्टादातासँग गरिएको करार अवधिभरी, पट्टादाताको लिखित पूर्व-सहमतिबिना पट्टाधारीले उक्त सम्पत्तिमा कुनै प्रकारको फेरबदल, थप, परिवर्तन नगर्ने सहमति जनाउँदछ। पट्टाको करार अवधिभरी पट्टाधारीले उक्त परिसरलाई सफा-सुग्धर, सबै मौसममा अखण्ड तथा असल स्थितिमा, बस्न लायक राख्नुपर्नेछ र यदि आवश्यक परे, पट्टादातालाई पूर्व सूचना दिँदै लिखित अनुमति प्राप्त गरी आफ्नै खर्चमा मरम्मति र पुनरूद्धारको काम गर्नुपर्नेछ।

8. पट्टाधारीले करार अनुरूप प्रदान गरिएको सम्पत्ति कसैलाई दिने, हस्तान्तरण गर्ने वा कुनै अधिकार अलग गर्न पाउनेछैन तथा, यसका साथमा अनुसूचीमा उल्लेखित पट्टामा दिइएको सम्पत्ति धरौटी वा बन्धक राख्न पाउनेछैन। तलको अनुसूचीमा विशेष रूपमा वर्णन गरिएअनुरूप पट्टादाता नै उक्त सम्पत्तिको पूर्ण मालिक भएको हुँदा, पट्टामा दिइएको सम्पत्ति कुनै व्यक्ति/ व्यक्तिहरू वा संस्थानलाई हस्तान्तरण गर्न पाउनेछैन। पट्टादातासँग उक्त अनुसूचित सम्पत्तिमाथि स्वाधिकार, दाबी र सर्वोच्च अधिकार कायम गर्ने हुँदा, सरकारको अनुमोदनबिना अनुसूचित सम्पत्तिमाथि गरिएको कुनै पनि कार्वाहीलाई कानूनको नजरमा अमान्य ठहर गरिनेछ भने आफ्नो सम्पत्तिमाथि पुऱ्याएको क्षतिका लागि पट्टादाता क्षतिपूर्तिको हकदार बन्नेछ।

9. पट्टाधारीले उक्त परिसरमा पट्टादाताका अन्य अधिभोगीहरूका साथै परिसरको छर-छिमेकका बासिन्दाहरूका लागि झै-झमेला वा उत्पात लाग्ने गतिविधि गर्नदिनेछैन। यसका साथै, पट्टादाताको सम्पत्तिमा कुनै प्रकारको क्षति नपुग्ने गरी पट्टाधारीले सबै जलनशील अथवा जल्ने-पड्किने किसिमका सर-सामान राम्ररी हिफाजतका साथ राख्नुपर्नेछ।

10. यदि पट्टाधारीले करारमा उल्लेखित कुनै पनि नियम वा शर्त उल्लङ्घन गरे, करारको मियाद पूरा नभए तापनि त्यसलाई अमान्य अनि निरस्त ठहर गर्न पट्टादाता अधिकृत रहनेछ र त्यस्तो स्थितिमा, उक्त परिसर/ अनुसूचित सम्पत्तिमा पसेर आफ्नो कब्जामा लिने अधिकार पनि पट्टादातासँग रहनेछ।

11. पट्टाधारीले आवासीय एकाइ/ अन्य लाभार्थीसँग मिलेर समिति गठन गर्नुपर्नेछ तथा, जनमानसबीच दीर्घगामी विकास, पर्यावरणका पक्षहरू, स्वास्थ्य, शिक्षाका सम्बन्धमा जागरूकता फैलाउनका साथै समाजको हितका लागि अन्य सामाजिक काम आदि गर्नुपर्नेछ। यसरी गठन गरिएको समितिले सम्पत्ति तथा पूर्वाधार जस्तै आवासीय भवन, बहुउद्देश्यीय

प्रेक्षागृह तथा भवनहरूका साथै वरिपरीका इलाकाको हेरचाह अनि रखरखाउ गर्नका साथै परिसरको सीमाना बारबेरको काम पनि गर्नुपर्नेछ।

12. यदि पट्टाधारीले कुनै व्यक्ति वा करपोरेट निकाय वा कुनै वित्तीय संस्थानसँग उक्त सम्पत्तिको हस्तान्तरणका लागि कुनै प्रकारको लेनदेन गरे, पट्टादाता विभागबाट सूचना पाएको सात दिनभित्र उक्त अनुसूचित सम्पत्ति शान्तिपूर्वक खाली गर्नुपर्नेछ।

13. अनुसूचित सम्पत्तिमाथि पट्टाधारीको हैसियतमा हित केवल कानूनी उत्तराधिकारीसम्म सीमित रहनेछ, जुन तथापि पट्टादाता विभागको पूर्व अनुमोदनको अधीनमा रहनेछ। अनुसूचित सम्पत्ति पट्टामा दिनुको उद्देश्य सो परिवारलाई शरण दिनु भएको हुँदा, पट्टाधारीले उक्त अनुसूचित सम्पत्ति "बन्धक राख्न" वा "बेच्न" पाउनेछैन।

14. यदि पट्टाधारीको कुनै कानूनी उत्तराधिकारी नभएको परिस्थितिमा, "पट्टादाता"सँग सो करार सम्झौता निरस्त गर्दै सो सम्पत्ति कब्जामा लिने अधिकार रहनेछ। यस सम्झौतामा "कानूनी उत्तराधिकारी"को अर्थ पट्टाधारीको साक्खे छोरा वा छोरीहरू मात्र बुझिनेछ।

15. अनुसूचित/उ उक्त परिसरमा प्राकृतिक आपदाको कारण कुनै प्रकारको क्षति पुग्न गए, पट्टाधारीले शान्तिपूर्वक उक्त परिसर खाली गर्ने सहमति प्रदान गर्नुपर्नेछ तथा प्राकृतिक आपदा वा पट्टाधारीको लापरवाहीको कारण पट्टामा दिइएको सम्पत्तिमा कुनै प्रकारको दुर्घटनाका लागि पट्टादाता जिम्मेवार ठहरिनेछैन। उक्त परिसरको पुनरूद्धारका लागि पट्टाधारी पूर्णरूपले जिम्मेवार ठहरिनेछ। दैवी प्रकोप अर्थात् प्राकृतिक आपदा आदिका लागि पट्टादाता जिम्मेवार ठहरिनेछैन।

16. करारको अवधिभरी, यथोचित समयमा यदि प्रथम पक्षले पट्टामा दिइएको परिसरमा निरीक्षणका लागि पट्टादाता वा उनीद्वारा अधिकृत अन्य कुनै व्यक्तिलाई प्रवेश गर्ने अनुमति पट्टाधारीले दिनुपर्नेछ, र यदि निरीक्षणको समय कुनै प्रकारको खराबी वा मरम्मति आवश्यक रहेको पाइए, पट्टाधारीलाई त्यसको मरम्मति-सम्भार गरी राम्रो स्थितिमा ल्याउन लिखित आदेश दिनसक्नेछ तथा पट्टाधारीले त्यस्तो सूचना पाएको पन्ध्र दिनभित्र त्यसलाई पर्याप्त रूपमा पुनरूद्धार गरी सामान्य बनाउनुपर्नेछ भने यदि उक्त सूचनाको अनुपालन गर्न विफल बने, पट्टादाताले उचित ठहरिएअनुरूप अनुसूचित/आबन्टित सम्पत्तिको सन्दर्भमा पट्टाधारी विरुद्ध कुनै प्रकारको कार्वाही गर्नसक्नेछ।

17. पट्टा प्रदान गरिएको अवधिभरी, पट्टाधारीसँग निरन्तरताको अधिकार रहनेछ।

**तथापि,**

i. पट्टाधारीले तलको अनुसूचीमा वर्णन गरिएको अनुसूचित सम्पत्तिमा पट्टादाताको लिखित पूर्व अनुमतिबिना कुनै संरचनागत परिवर्तन वा बाहिरी उँचाई अर्थात् तला थप्ने काम गर्न पाउनेछैन; तथा यदि पट्टाधारीले कुनै प्रकारको संरचनागत परिवर्तन वा थप फेरबदल गरे, त्यसलाई पट्टाधारीले आफ्नै खर्चमा ध्वस्त गर्नु/ भत्काउनुपर्नेछ।

18. पट्टाधारीले प्रदान गरिएको करार अवधिभरी शान्तिपूर्वक पट्टामा दिइएको/अनुसूचित परिसरको उपभोग गर्नुपर्नेछ, तथापि उनले पट्टा करारमा उल्लेखित नियम एवं शर्तहरू पालन गर्नका साथै दुवै पक्ष गरिएको यस सम्झौताको विपरीत कुनै कार्य गर्न पाउनेछैन।

19. दुवै पक्ष, पट्टाको यस करारनामामा उनीहरूबीचको सम्पूर्ण सम्झौता सामेल रहेको पुष्टि गर्दै घोषणा गर्दछ तथा, दुवै पक्षबीच यस विषयसित सम्बन्धित यसअघि गरिएका सबै समझदारी र लेखपत्र, चाहे त्यो मौखिक होस् वा लिखित, सबैलाई प्रतिस्थापित गर्दछ साथै कुनै प्रकारको थपनी, फेरबदल वा परिवर्तन, लिखित रूपमा दुवै पक्षद्वारा हस्ताक्षर नगरिएसम्म, वैध वा अन्तिम ठहरिनेछैन।

20. पट्टादाता तथा पट्टाधारीले यहाँ अपरिवर्तनीय रूपमा माथि उल्लेखित निरपेक्ष अनुबन्ध निष्पादित गर्ने सहमति जनाउँदछन्।

**21. व्याख्यान : -**

हस्तान्तरित परिसर/ उक्त परिसर/ आबन्टित परिसर/ पट्टा प्रदान परिसरले अनुसूचित परिसम्पत्ति बुझाउनेछ।

उल्लेख गरिएअनुरूप अनुसूची

आवासीय एकाइ, जसमा ………………………… सामेल छ

क्षेत्रफल (नाप) ………. x…………… = ……………………….वर्गफीट

पूर्वतर्फको नाप ………………फीट,

पश्चिमतर्फको नाप ………………. फीट,

उत्तरतर्फको नाप ……………… फीट,

दक्षिणतर्फको नाप ……………… फीट.

**गवाही**

**1.** **पट्टादाता**

**2.** **पट्टाधारी**

परिशिष्ट -VIII

## राज्य स्तरीय अनुमोदन एवं निगरानी समिति (एसएलएएमसी)

संरचना

| | | |
|---|---|---|
| 1 | माननीय शहरी विकास मन्त्री | अध्यक्ष |
| 2 | युएलबी सामेल रहेका सम्बन्धित निर्वाचन क्षेत्रका विधायक | सदस्य |
| 3 | सचिव, शहरी विकास विभाग | सदस्य सचिव |
| | | |

टिपोट : एसएलएएमसीका अध्यक्षसँग आवश्यकता अनुसार, एमएससीको बैठकमा कुनै पनि अन्य सदस्य सहयोजित गर्न वा विशेष अतिथि आमन्त्रित गर्ने अधिकार रहनेछ।

सन्दर्भ शर्त :-

1. योजनाको समग्र निगरानी,
2. योजनाको विभिन्न स्तर अन्तर्गत लाभार्थीहरूको अनुमोदन,
3. नगरपालिका जाँच समितिद्वारा सिफारिश गरिएका लाभार्थीहरूको पुनःसमीक्षाका लागि आदेश दिने अधिकार,
4. योजना कार्यान्वयनका लागि आवश्यक अन्य महत्त्वपूर्ण मामिला

**सिक्किम**

**सरकार** **राजपत्र**

असाधारण

प्राधिकारद्वारा प्रकाशित

गान्तोक मङ्गलबार 22 जून, 2021 सङ्ख्या 136

शहरी विकास विभाग

सिक्किम सरकार

सङ्ख्या : 20/युडीडी/2021 मिति : 01/06/2021

अधिसूचना

सिक्किम शहरी गरीब आवास योजनाका (एसयुजीएवाई) लागि "परिचालन दिशानिर्देश" अनुरूप, निम्नलिखित सदस्यका साथ सिक्किम राज्य सरकार सहर्ष "राज्य स्तरीय अनुमोदन एवं निगरानी समिति (एसएलएएमसी)" गठन गर्दछ।

| सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत राज्य स्तरीय अनुमोदन एवं निगरानी समित (एसएलएएमसी) | | |
|---|---|---|
| 1. | माननीय शहरी विकास मन्त्री | अध्यक्ष |
| 2. | युएलबी सामेल रहेका सम्बन्धित निर्वाचन क्षेत्रका विधआयक | सदस्य |
| 3. | सचिव, शहरी विकास विभाग | सदस्य सचिव |

टिपोट : एसएलएएमसीका अध्यक्षसँग आवश्यकता अनुसार, एमएससीको बैठकमा कुनै पनि अन्य सदस्य सहयोजित गर्न वा विशेष अतिथि आमन्त्रित गर्ने अधिकार रहनेछ।

सन्दर्भ शर्त :-

1. योजनाको समग्र निगरानी,
2. योजनाको विभिन्न स्तर अन्तर्गत लाभार्थीहरूको अनुमोदन,
3. नगरपालिका जाँच समितिद्वारा सिफारिश गरिएका लाभार्थीहरूको पुनःसमीक्षाका लागि आदेश दिने अधिकार,
4. योजना कार्यान्वयनका लागि आवश्यक अन्य महत्त्वपूर्ण मामिला।

(सरला राई, आइएएस)

सचिव

शहरी विकास विभाग

सिक्किम सरकार

मिसिल सङ्ख्या – जीओएस/युडीएचडी /9(102)12-भाग III

**S.G.P.G. 136/Com.2/Gazette/100 Nos./Dt:22.06.2021**

**परिशिष्ट -IX**

## नगरपालिका जाँच समिति (एमएससी)

संरचना

| | | |
|---|---|---|
| 1 | मेयर/अध्यक्ष/सभापति | अध्यक्ष |
| 2 | उप-मेयर /उपाध्यक्ष/उपसभापति | उपाध्यक्ष |
| 3 | सम्बन्धित युएलबीका सबै पार्षद् | सदस्य |
| 4 | शहर योजनाकार/ सहायक शहर योजनाकार | सदस्य |
| 5 | प्रभागीय अभियन्ता / सहायक अभियन्ता | सदस्य |
| 6 | नगरपालिका आयुक्त/ नगरपालिका कार्यकारी अधिकारी | सदस्य सचिव |
| | | |

टिपोट : एमएससीका अध्यक्षसँग आवश्यकता अनुसार, एमएससीको बैठकमा कुनै पनि अन्य सदस्य सहयोजित गर्न वा विशेष अतिथि आमन्त्रित गर्ने अधिकार रहनेछ।

सन्दर्भ शर्त :-

i. आवेदन प्रपत्र जारी गर्न,

ii. सबै आवेदकको जाँच गर्न,

iii. जमीनको स्थिति र उपयुक्तता प्रमाणिकरण गर्न,

iv. निर्दिष्ट मापदण्डको आधारमा लाभार्थीहरू चयन गर्न,

v. योजना कार्यान्वयनका लागि अन्य कुनै महत्त्वपूर्ण मामिला।

**सिक्किम**

**सरकार** **राजपत्र**

असाधारण

प्राधिकारद्वारा प्रकाशित

गान्तोक मङ्गलबार 22 जून, 2021 सङ्ख्या 137

शहरी विकास विभाग

सिक्किम सरकार

सङ्ख्या **:** 21/युडीडी/2021 मिति **:** 01/06/2021

**अधिसूचना**

सिक्किम शहरी गरीब आवास योजनाका (एसयुजीएवाई) लागि "**परिचालन दिशानिर्देश**" अनुरूप, निम्नलिखित सदस्यका साथ गान्तोक नगर निगमका लागि सिक्किम राज्य सरकार सहर्ष "**नगरपालिका जाँच समिति (एमएससी**)" गठन गर्दछ।

| **सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत गान्तोक नगर निगमका लागि नगरपालिका जाँच समिति (एमएससी)** | | |
|---|---|---|
| 1 | मेयर – गान्तोक नगर निगम | मेयर – गान्तोक नगर निगम |
| 2 | उप-मेयर - गान्तोक नगर निगम | उप-मेयर - गान्तोक नगर निगम |
| 3 | गान्तोक नगर निगमका सबै पार्षद् | गान्तोक नगर निगमका सबै पार्षद् |
| 4 | शहर योजनाकार - गान्तोक नगर निगम | शहर योजनाकार - गान्तोक नगर निगम |
| 5 | प्रभागीय अभियन्ता - गान्तोक नगर निगम | प्रभागीय अभियन्ता - गान्तोक नगर निगम |
| 6 | नगरपालिका आयुक्त - गान्तोक नगर निगम | नगरपालिका आयुक्त - गान्तोक नगर निगम |

टिपोट **:** एमएससीका अध्यक्षसँग आवश्यकता अनुसार, एमएससीको बैठकमा कुनै पनि अन्य सदस्य सहयोजित गर्न वा विशेष अतिथि आमन्त्रित गर्ने अधिकार रहनेछ।

सन्दर्भ शर्त **:-**

1. आवेदन प्रपत्र जारी गर्न,
2. सबै आवेदकको जाँच गर्न,
3. जमीनको स्थिति र उपयुक्तता प्रमाणिकरण गर्न,
4. निर्दिष्ट मापदण्डको आधारमा लाभार्थीहरू चयन गर्न,
5. योजना कार्यान्वयनका लागि अन्य कुनै महत्त्वपूर्ण मामिला।

(सरला राई, आइएएस)

सचिव

शहरी विकास विभाग

सिक्किम सरकार

मिसिल सङ्ख्या - जीओएस/युडी एवं एचडी /9(102)12-भाग III

एसजीपीजी 138/सीओएम.2/राजपत्र/100 सङ्ख्या./मिति : 22.06.2021

**सिक्किम**

**सरकार** **राजपत्र**

असाधारण

प्राधिकारद्वारा प्रकाशित

गान्तोक मङ्गलबार 22 जून, 2021 सङ्ख्या 138

शहरी विकास विभाग

सिक्किम सरकार

सङ्ख्या **:** 22/युडीडी/2021 मिति **:** 01/06/2021

अधिसूचना

सिक्किम शहरी गरीब आवास योजनाका (एसयुजीएवाई) लागि "परिचालन दिशानिर्देश" अनुरूप, निम्नलिखित सदस्यका साथ रम्फू नगर पञ्चायतका लागि सिक्किम राज्य सरकार सहर्ष "नगरपालिका जाँच समिति (एमएससी)" गठन गर्दछ।

| **सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत रम्फू नगर पञ्चायतका लागि नगरपालिका जाँच समिति (एमएससी)** | | |
|---|---|---|
| 1. | सभापति – रम्फू नगर पञ्चायत | अध्यक्ष |
| 2. | उपसभापति - रम्फू नगर पञ्चायत | सचिव |
| 3. | रम्फू नगर पञ्चायतका सबै पार्षद् | सचिव |
| 4. | सहायक शहर योजनाकारा (रम्फू), शहरी विकास विभाग | सचिव |
| 5. | सहायक अभियन्ता (पूर्व), शहरी विकास विभाग | सचिव |
| 6. | नगरपालिका कार्यकारी अधिकारी, रम्फू नगर पञ्चायत | सदस्य सचिव |

टिपोट **:** एमएससीका अध्यक्षसँग आवश्यकता अनुसार, एमएससीको बैठकमा कुनै पनि अन्य सदस्य सहयोजित गर्न वा विशेष अतिथि आमन्त्रित गर्ने अधिकार रहनेछ।

<u>सन्दर्भ शर्त **:-**</u>

1. आवेदन प्रपत्र जारी गर्न,
2. सबै आवेदकको जाँच गर्न,
3. जमीनको स्थिति र उपयुक्तता प्रमाणिकरण गर्न,
4. निर्दिष्ट मापदण्डको आधारमा लाभार्थीहरू चयन गर्न,
5. योजना कार्यान्वयनका लागि अन्य कुनै महत्त्वपूर्ण मामिला।

(सरला राई, आइएएस)

सचिव

शहरी विकास विभाग

सिक्किम सरकार

मिसिल सङ्ख्या - जीओएस/युडी एवं एचडी /9(102)12-भाग III

एसजीपीजी 138/सीओएम.2/राजपत्र/100 सङ्ख्या./मिति : 22.06.2021

**सिक्किम**

**सरकार** **राजपत्र**

असाधारण

प्राधिकारद्वारा प्रकाशित

**गान्तोक** **मङ्गलबार** 22 **जून**, 2021 **सङ्ख्या** 139

शहरी विकास विभाग

सिक्किम सरकार

सङ्ख्या **:** 23/युडीडी/2021 मिति **:** 01/06/2021

अधिसूचना

सिक्किम शहरी गरीब आवास योजनाका (एसयुजीएवाई) लागि "परिचालन दिशानिर्देश" अनुरूप, निम्नलिखित सदस्यका साथ सिङताम नगर पञ्चायतका लागि सिक्किम राज्य सरकार सहर्ष "नगरपालिका जाँच समिति (एमएससी)" गठन गर्दछ।

| **सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत सिङताम नगर पञ्चायतका लागि नगरपालिका जाँच समिति (एमएससी)** | | |
|---|---|---|
| 1. | सभापति – सिङताम नगर पञ्चायत | अध्यक्ष |
| 2. | उपसभापति - सिङताम नगर पञ्चायत | सचिव |
| 3. | सिङताम नगर पञ्चायतका सबै पार्षद् | सचिव |
| 4. | सहायक शहर योजनाकार (सिङताम), शहरी विकास विभाग | सचिव |
| 5. | सहायक अभियन्ता (पूर्व), शहरी विकास विभाग | सचिव |
| 6. | नगरपालिका कार्यकारी अधिकारी, सिङताम नगर पञ्चायत | सदस्य सचिव |

टिपोट **:** एमएससीका अध्यक्षसँग आवश्यकता अनुसार, एमएससीको बैठकमा कुनै पनि अन्य सदस्य सहयोजित गर्न वा विशेष अतिथि आमन्त्रित गर्ने अधिकार रहनेछ।

सन्दर्भ शर्त **:-**

1. आवेदन प्रपत्र जारी गर्न,
2. सबै आवेदकको जाँच गर्न,
3. जमीनको स्थिति र उपयुक्तता प्रमाणिकरण गर्न,
4. निर्दिष्ट मापदण्डको आधारमा लाभार्थीहरू चयन गर्न,
5. योजना कार्यान्वयनका लागि अन्य कुनै महत्त्वपूर्ण मामिला।

(सरला राई, आइएएस)

सचिव

शहरी विकास विभाग

सिक्किम सरकार

मिसिल सङ्ख्या - जीओएस/युडी एवं एचडी /9(102)12-भाग III

एसजीपीजी 139/सीओएम.2/राजपत्र/100 सङ्ख्या./मिति : 22.06.2021

**सिक्किम**

**सरकार** **राजपत्र**

असाधारण

प्राधिकारद्वारा प्रकाशित

**गान्तोक** **मङ्गलबार** 22 **जून**, 2021 **सङ्ख्या**.140

शहरी विकास विभाग

सिक्किम सरकार

सङ्ख्या **:** 24/युडीडी/2021 मिति **:** 01/06/2021

अधिसूचना

सिक्किम शहरी गरीब आवास योजनाका (एसयुजीएवाई) लागि "परिचालन दिशानिर्देश" अनुरूप, निम्नलिखित सदस्यका साथ मगन नगर पञ्चायतका लागि सिक्किम राज्य सरकार सहर्ष "नगरपालिका जाँच समिति (एमएससी)" गठन गर्दछ।

| **सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत मगन नगर पञ्चायतका लागि नगरपालिका जाँच समिति (एमएससी)** | | |
|---|---|---|
| 1. | सभापति – मगन नगर पञ्चायत | अध्यक्ष |
| 2. | उपसभापति - मगन नगर पञ्चायत | सचिव |
| 3. | मगन नगर पञ्चायतका सबै पार्षद् | सचिव |
| 4. | सहायक शहर योजनाकार (मगन), शहरी विकास विभाग | सचिव |
| 5. | सहायक अभियन्ता (उत्तर), शहरी विकास विभाग | सचिव |
| 6. | नगरपालिका कार्यकारी अधिकारी, मगन नगर पञ्चायत | सदस्य सचिव |

टिपोट **:** एमएससीका अध्यक्षसँग आवश्यकता अनुसार, एमएससीको बैठकमा कुनै पनि अन्य सदस्य सहयोजित गर्न वा विशेष अतिथि आमन्त्रित गर्ने अधिकार रहनेछ।

सन्दर्भ शर्त **:-**

1. आवेदन प्रपत्र जारी गर्न,
2. सबै आवेदकको जाँच गर्न,
3. जमीनको स्थिति र उपयुक्तता प्रमाणिकरण गर्न,
4. निर्दिष्ट मापदण्डको आधारमा लाभार्थीहरू चयन गर्न,
5. योजना कार्यान्वयनका लागि अन्य कुनै महत्त्वपूर्ण मामिला।

**(सरला राई, आइएएस)**

सचिव

शहरी विकास विभाग

सिक्किम सरकार

मिसिल सङ्ख्या - जीओएस/युडी एवं एचडी /9(102)12-भाग III

एसजीपीजी 140/सीओएम.2/राजपत्र/100 सङ्ख्या./मिति : 22.06.2021

**सिक्किम**

**सरकार** **राजपत्र**

असाधारण

प्राधिकारद्वारा प्रकाशित

**गान्तोक** **मङ्गलबार 22 जून, 2021** **सङ्ख्या 141**

शहरी विकास विभाग

सिक्किम सरकार

सङ्ख्या **:** 25/युडीडी/2021 मिति **:** 01/06/2021

अधिसूचना

सिक्किम शहरी गरीब आवास योजनाका (एसयुजीएवाई) लागि "परिचालन दिशानिर्देश" अनुरूप, निम्नलिखित सदस्यका साथ नाम्ची नगर परिषद्का लागि सिक्किम राज्य सरकार सहर्ष "नगरपालिका जाँच समिति (एमएससी)" गठन गर्दछ।

| **सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत नाम्ची नगर परिषद्का लागि नगरपालिका जाँच समिति (एमएससी)** | | |
|---|---|---|
| 1. | अध्यक्ष – नाम्ची नगर परिषद् | अध्यक्ष |
| 2. | उपाध्यक्ष – नाम्ची नगर परिषद् | सदस्य |
| 3. | नाम्ची नगर परिषद्का सबै पार्षद् | सदस्य |
| 4. | सहायक शहर योजनाकार (दक्षिण), शहरी विकास विभाग | सदस्य |
| 5. | सहायक अभियन्ता (दक्षिण), शहरी विकास विभाग | सदस्य |
| 6. | नगरपालिका कार्यकारी अधिकारी - नाम्ची नगर परिषद् | सदस्य सचिव |

टिपोट **:** एमएससीका अध्यक्षसँग आवश्यकता अनुसार, एमएससीको बैठकमा कुनै पनि अन्य सदस्य सहयोजित गर्न वा विशेष अतिथि आमन्त्रित गर्ने अधिकार रहनेछ।

सन्दर्भ शर्त **:-**

1. आवेदन प्रपत्र जारी गर्न,
2. सबै आवेदकको जाँच गर्न,
3. जमीनको स्थिति र उपयुक्तता प्रमाणिकरण गर्न,
4. निर्दिष्ट मापदण्डको आधारमा लाभार्थीहरू चयन गर्न,
5. योजना कार्यान्वयनका लागि अन्य कुनै महत्त्वपूर्ण मामिला।

(सरला राई, आइएएस)

सचिव

शहरी विकास विभाग

सिक्किम सरकार

मिसिल सङ्ख्या - जीओएस/युडी एवं एचडी /9(102)12-भाग III

एसजीपीजी 141/सीओएम.2/राजपत्र/100 सङ्ख्या./मिति : 22.06.2021

**सिक्किम**

**सरकार** **राजपत्र**

असाधारण

प्राधिकारद्वारा प्रकाशित

गान्तोक मङ्गलबार 22 जून, 2021 सङ्ख्या **142**

शहरी विकास विभाग

सिक्किम सरकार

सङ्ख्या **:** 26/युडीडी/2021 मिति **:** 01/06/2021

अधिसूचना

सिक्किम शहरी गरीब आवास योजनाका (एसयुजीएवाई) लागि "परिचालन दिशानिर्देश" अनुरूप, निम्नलिखित सदस्यका साथ नयाँ बजार-जोरथाङ नगर पञ्चायतका लागि सिक्किम राज्य सरकार सहर्ष "नगरपालिका जाँच समिति (एमएससी)" गठन गर्दछ।

| **सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत नयाँ बजार-जोरथाङ नगर पञ्चायतका लागि नगरपालिका जाँच समिति (एमएससी)** | | |
|---|---|---|
| 1. | सभापति – नयाँ बजार-जोरथाङ नगर पञ्चायत | अध्यक्ष |
| 2. | उपाध्यक्ष - नयाँ बजार-जोरथाङ नगर पञ्चायत | सदस्य |
| 3. | नयाँ बजार-जोरथाङ नगर पञ्चायतका सबै पार्षद् | सदस्य |
| 4. | शहर योजनाकार (दक्षिण/पश्चिम) शहरी विकास विभाग | सदस्य |
| 5. | प्रभागीय अभियन्ता (दक्षिण) शहरी विकास विभाग | सदस्य |
| 6. | नगरपालिका कार्यकारी अधिकारी - नयाँ बजार-जोरथाङ नगर पञ्चायत | सदस्य सचिव |

टिपोट **:** एमएससीका अध्यक्षसँग आवश्यकता अनुसार, एमएससीको बैठकमा कुनै पनि अन्य सदस्य सहयोजित गर्न वा विशेष अतिथि आमन्त्रित गर्ने अधिकार रहनेछ।

<u>सन्दर्भ शर्त</u> **:-**

1. आवेदन प्रपत्र जारी गर्न,
2. सबै आवेदकको जाँच गर्न,
3. जमीनको स्थिति र उपयुक्तता प्रमाणिकरण गर्न,
4. निर्दिष्ट मापदण्डको आधारमा लाभार्थीहरू चयन गर्न,
5. योजना कार्यान्वयनका लागि अन्य कुनै महत्त्वपूर्ण मामिला।

(सरला राई, आइएएस)
सचिव
शहरी विकास विभाग
सिक्किम सरकार
मिसिल सङ्ख्या - जीओएस/युडी एवं एचडी /9(102)12-भाग III

एसजीपीजी. 142/सीओएम-2/राजपत्र /100 सङ्ख्या/मिति : 22.06.2021

**सिक्किम**

**सरकार** **राजपत्र**

असाधारण

प्राधिकारद्वारा प्रकाशित

गान्तोक मङ्गलबार **22** जून, **2021** सङ्ख्या. **143**

शहरी विकास विभाग

सिक्किम सरकार

सङ्ख्या **: 27/**युडीडी/**2021** मिति **:** 01/06/2021

अधिसूचना

सिक्किम शहरी गरीब आवास योजनाका (एसयुजीएवाई) लागि "परिचालन दिशानिर्देश" अनुरूप, निम्नलिखित सदस्यका साथ गेजिङ नगर पञ्चायतका लागि सिक्किम राज्य सरकार सहर्ष "नगरपालिका जाँच समिति (एमएससी)" गठन गर्दछ।

| **सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत गेजिङ नगर पञ्चायतका लागि नगरपालिका जाँच समिति (एमएससी)** | | |
|---|---|---|
| 1. | सभापति – गेजिङ नगर पञ्चायत | अध्यक्ष |
| 2. | उपसभापति – गेजिङ नगर पञ्चायत | सदस्य |
| 3. | गेजिङ नगर पञ्चायतका सबै पार्षद् | सदस्य |
| 4. | सहायक नगर योजनाकार (पश्चिम), शहरी विकास विभाग | सदस्य |
| 5. | सहायक अभियन्ता (पश्चिम), शहरी विकास विभाग | सदस्य |
| 6. | नगरपालिका कार्यकारी अधिकारी, गेजिङ नगर पञ्चायत | सदस्य सचिव |

टिपोट **:** एमएससीका अध्यक्षसँग आवश्यकता अनुसार, एमएससीको बैठकमा कुनै पनि अन्य सदस्य सहयोजित गर्ने वा विशेष अतिथि आमन्त्रित गर्ने अधिकार रहनेछ।

सन्दर्भ शर्त **:-**

1. आवेदन प्रपत्र जारी गर्न,
2. सबै आवेदकको जाँच गर्न,
3. जमीनको स्थिति र उपयुक्तता प्रमाणिकरण गर्न,
4. निर्दिष्ट मापदण्डको आधारमा लाभार्थीहरू चयन गर्न,
5. योजना कार्यान्वयनका लागि अन्य कुनै महत्त्वपूर्ण मामिला।

(सरला राई, आइएएस)
सचिव
शहरी विकास विभाग
सिक्किम सरकार
मिसिल सङ्ख्या - जीओएस/युडी एवं एचडी /9(102)12-भाग III

एसजीपीजी. 143/सीओएम-2/राजपत्र /100 सङ्ख्या/मिति :22.06.2021

**परिशिष्ट -X**

## जिल्ला स्तरीय निगरानी दल (डीएलएमटी)

संरचना

| | | |
|---|---|---|
| 1 | अतिरिक्त मुख्य अभियन्ता, शहरी विकास विभाग | दल नेता |
| 2 | संयुक्त सचिव, शहरी विकास विभाग | सदस्य |
| 3 | शहर योजनाकार, शहरी विकास विभआग | सदस्य |
| | | |

**सन्दर्भ शर्त :**

1. निर्धारित नक्सा अनुरूप कार्यान्वयन गरिएको सुनिश्चित गर्न।
2. राज्य स्तरीय अनुमोदन एवं निगरानी समितिद्वारा स्वीकृत गरिएअनुरूप लाभार्थी रहेको सुनिश्चित गर्न।
3. कार्यान्वयनमा कुनै प्रकारको विसङ्गतिबारे सदस्य सचिव, राज्य स्तरीय अनुमोदन एवं निगरानी समितिलाई अवगत गराउन।
4. योजनाको कार्यान्वयनका लागि महत्त्वपूर्ण अन्य कुनै विषय।

**सिक्किम**

**सरकार** **राजपत्र**

असाधारण

प्राधिकारद्वारा प्रकाशित

गान्तोक मङ्गलबार **22** जून,**2021** सङ्ख्या.**144**

शहरी विकास विभाग

सिक्किम सरकार

सङ्ख्या : 28/युडीएचडी/2021 मिति **:** 01/06/2021

अधिसूचना

सिक्किम शहरी गरीब आवास योजनाका (एसयुजीएवाई) लागि "परिचालन दिशानिर्देश" अनुरूप, निम्नलिखित सदस्यका साथ उत्तर/पूर्वका लागि सिक्किम राज्य सरकार सहर्ष "जिल्ला स्तरीय निगरानी दल (डीएलएमटी)" गठन गर्दछ।

| सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत उत्तर/पूर्वका लागि जिल्ला स्तरीय निगरानी दल (डीएलएमटी) | | |
|---|---|---|
| 1. | अतिरिक्त मुख्य अभियन्ता (उत्तर/पूर्व), शहरी विकास विभाग | दल नेता |
| 2. | संयुक्त सचिव (उत्तर/पूर्व), शहरी विकास विभाग | सदस्य |
| 3. | शहर योजनाकार (उत्तर/पूर्व) शहरी विकास विभाग | सदस्य |

सन्दर्भ शर्त **:-**

1. निर्धारित नक्सा अनुरूप कार्यान्वयन गरिएको सुनिश्चित गर्न।
2. राज्य स्तरीय अनुमोदन एवं निगरानी समितिद्वारा स्वीकृत गरिएअनुरूप लाभार्थी रहेको सुनिश्चित गर्न।
3. कार्यान्वयनमा कुनै प्रकारको विसङ्गतिबारे सदस्य सचिव, राज्य स्तरीय अनुमोदन एवं निगरानी समितिलाई अवगत गराउन।
4. योजनाको कार्यान्वयनका लागि महत्त्वपूर्ण अन्य कुनै विषय।

(सरला राई, आइएएस)
सचिव
शहरी विकास विभाग,
सिक्किम सरकार

मिसिल सङ्ख्या. जीओएस/युडी एवं एचडी /9(102)12-भाग III

एस.जी.पी.जी. **144**/सीओएम.**2**/राजपत्र/**100** सङ्ख्या./मिति **:22.06.2021**

**सिक्किम**

**सरकार** **राजपत्र**

असाधारण

प्राधिकारद्वारा प्रकाशित

गान्तोक मङ्गलबार **22** जून, **2021** सङ्ख्या.**145**

शहरी विकास विभाग

सिक्किम सरकार

सङ्ख्या : **29**/युडीएचडी/**2021** मिति : **01/06/2021**

अधिसूचना

सिक्किम शहरी गरीब आवास योजनाका (एसयुजीएवाई) लागि "परिचालन दिशानिर्देश" अनुरूप, निम्नलिखित सदस्यका साथ दक्षिण/पश्चिमका लागि सिक्किम राज्य सरकार सहर्ष "जिल्ला स्तरीय निगरानी दल (डीएलएमटी)" गठन गर्दछ।

| सिक्किम शहरी गरीब आवास योजना (एसयुजीएवाई) अन्तर्गत दक्षिण/पश्चिमका लागि जिल्ला स्तरीय निगरानी दल (डीएलएमटी) | | |
|---|---|---|
| 1. | अतिरिक्त मुख्य अभियन्ता (दक्षिण/पश्चिम), शहरी विकास विभाग | दल नेता |
| 2. | संयुक्त सचिव (दक्षिण/पश्चिम), शहरी विकास विभाग | सदस्य |
| 3. | शहर योजनाकार (दक्षिण/पश्चिम) शहरी विकास विभाग | सदस्य |

सन्दर्भ शर्त :-

1. निर्धारित नक्सा अनुरूप कार्यान्वयन गरिएको सुनिश्चित गर्न।
2. राज्य स्तरीय अनुमोदन एवं निगरानी समितिद्वारा स्वीकृत गरिएअनुरूप लाभार्थी रहेको सुनिश्चित गर्न।
3. कार्यान्वयनमा कुनै प्रकारको विसङ्गतिबारे सदस्य सचिव, राज्य स्तरीय अनुमोदन एवं निगरानी समितिलाई अवगत गराउन।
4. योजनाको कार्यान्वयनका लागि महत्त्वपूर्ण अन्य कुनै विषय।

(सरला राई, आइएएस)
सचिव
शहरी विकास विभाग,
सिक्किम सरकार
मिसिल सङ्ख्या. जीओएस/युडी एवं एचडी /9(102)12-भाग III

एस.जी.पी.जी. **145**/सीओएम.**2**/राजपत्र/**100** सङ्ख्या./मिति : **22.06.2021**

## टिपोट

सिक्किम सरकार

शहरी विकास विभाग

एनएच-10, गान्तोक -737101, पूर्व सिक्किम

Tel: 03592-202726, Fax: 03592-202726

http://udhdsikkim.org udhdsikkim@gmail.com